उदयपुरगढि गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
उदयपुरगढि-उदयपुर
स्था: २०७३

पत्र संख्या :०७५/०७६
चलानी नम्बर :

(१ नं. प्रदेश, नेपाल)
मितिः २०७५/०५/०६

## विषय :- सूचना । सूचना । सूचना ।

आ.ब. २०७५/७६ को लागि **सहकारी खेति तथा साना सिंचाई कार्यक्रम** अन्तरगत **साना सिँचाई मर्मत तथा निर्माण कार्यक्रम** र **प्लाष्टिक पोखरी निर्माण कार्यक्रम** कृषकहरुको वास्तविक समस्यामा आधारित स-साना स्थायी बांध, पैनी, छेकवार, कुलो सुधार संरक्षण, ह्यूमपाइप, पोलिथिन पाईप, पोखरी निर्माण, ढिकी पम्प, ट्यांकी, ईनार, थोपा सिंचाई, स्प्रिङकलर प्लाष्टिक पोखरी आदिको लागि यस कार्यालयको कृषि विकास शाखाबाट अनुदानको व्यवस्था हुने हुंदा २०७५/०५/०६ देखि २०७५/०६/०९ गते भित्र निवेदन माग फारम भरी पेश गर्न सम्बन्धित कृषि सहकारी संस्था तथा कृषक समूहहरुको लागि यो सूचना प्रकाशित गरिएको छ। कार्यक्रम कार्यान्वयन प्रकृया सम्बन्धी विस्तृत जानकारी यस कार्यालयको सूचना पाटीमा, वडा कार्यालयहरुमा टांस गरिएको छ। यस सम्बन्धमा थप जानकारी को लागी कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ। साथै निवेदन माग पत्र साथ निम्न कागजातहरु अनिवार्य रुपमा पेश गर्नु पर्ने छ।

१. निर्धारित ढांचाको निवेदन (माग फारममा रु. १०।-को टिकट सहित)

२. कृषक समूह /कृषि सहकारी संस्थाको निर्णय प्रतिलिपि

३.कृषक समूह/कृषि सहकारी संस्थाको दर्ता प्रमाण-पत्रको प्रतिलिपी (कृषक समूहले आ.व. २०७४/७५ को लागि जि.कृ.वि.का. र गाँउ पालीकाको कृषि विकास शाखाबाट नविकरण गरि सकेको हुनु पर्ने र कृषि सहकारी संस्थाको हकमा आ.व. २०७३/७४ को लेखा परिक्षण प्रतिवेदन पेश गर्नु पर्ने छ।

४. सम्बन्धित वडा कार्यालय/एक गा.वि.स.एक प्राविधिकको सिफारिस पत्र

५. राजश्व वापत रु.१००।-तिरेको प्रमाण

७. उपभोक्ताहरुको नागरिकता प्रमाण-पत्रको प्रतिलिपी

८. कृषक समूह/कृषि सहकारी संस्था दर्ता भएको १ वर्ष अवधि पुरा गरेको भए मात्र प्रस्ताव पेश गर्न परिपक्व भएको मानिने छ।

| | | |
|---|---|---|
| ..................... | ..................... | ..................... |
| पारसमणि फुयल | माधव सुबेदी | मान बहादुर केप्छाकी मगर |
| प्राविधिक सहायक | प्रमख प्रशासकिय अधिकत | गाँउपालीका अध्यक्ष |

पारसमणि फुयल
कृषि प्राविधिक सहायक

प्रमुख प्रशासकीय अधिकृत

मान बहादुर केप्छाकी मगर
अध्यक्ष